रोल्पा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## लिवाङ, रोल्पा

५ नं. प्रदेश नेपाल

मिति २०७५।१०।१४

### विषय : अपांगता परिचय पत्र वितरण सम्वन्धी जानकारी ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.२०७५।०७६,च.न.४१ र मिति २०७५।०८।०३ को पत्रानुसार नगरपालिकाको कार्यालयबाट अपांगता परिचयपत्र वितरणको व्यवस्था गर्नु पर्ने भएको हुदाँ यस रोल्पा नगरपालिकाको कार्यालयबाट अपांगता परिचयपत्र वितरणको कार्य सुरु गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै अपांग परिचयपत्र लिनको लागि निम्नानुसारका कागजजातहरुको प्रतिलिपि साथमा लिई आउनुपर्नेछ ।

**अपांग परिचयपत्र लिदा आवश्यक पर्ने कागजजातहरु :**

१. पासपोर्ट साइजको फोटो ३ प्रति

२.जिल्ला स्वास्थ्य कार्यालयको रिपोर्ट १ प्रति (फोटो कपि सहित)

३.नागरिकता,जन्मदर्ता,जग्गाधनी प्रमाण पूर्जा,शैक्षिक योग्यताका प्रमाणपत्र,मतदाता परिचय पत्र,नियुक्ति पत्र,संघ सस्था वा अपांग संघ सस्थाले दिएको प्रमाण पत्र मध्ये कुनै एकको प्रतिलिपि २ प्रति,

लिई वडा कार्यालयमा गई अनुसूची १ बमोजिमको निवेदनको फारम भरी वडा कार्यालयको सिफारिस सहित एक प्रति कागजात त्यहि छोडि एक प्रति कागजजात लिई नगरपालिकाको कार्यालयमा गई अपांगता परिचयपत्र लिन सकिने व्यवस्था रहेको छ ।

**नोट :** पहिले अपांगता परिचय पत्र लिई सकेका अपांग व्यक्तिहरुले पनि यो कार्यविधि लागु हुनु अगाडी प्राप्त गरेको अपांगता परिचय पत्र नगरपालिकामा बुझाई यो कार्यविधि जारी भएको मितिले १ वर्ष (२०७६।०८।०३) भित्रमा यस कार्यविधि बमोजिमको परिचयपत्र लिनुपर्नेछ ।१ वर्ष भित्र स्वत: मान्य हुनेछैन ।

२०७५।१०।१४

प्रमुख प्रशासकीय अधिकृत

## परिचय पत्र वितरणका मापदण्ड देहायबमोजिम रहेका छन् :

अपांगता सम्वन्धि ऐनको अनुसुचिमा उल्लेखित गाम्भीर्यताका आधारमा गरिएको अपांगताको वर्गिकरण गरी देहायका चार समुहका परिचयपत्र वितरण गरिनेछ ।

**क.पुर्ण अशक्त अपांगता :**

तल उल्लेखित अवस्थाका व्यक्तिलाई क वर्गको परिचयपत्र उपलव्ध गराइनेछ ।

१.व्यतिको शारीरिक,मानसिक वा इन्द्रीय सम्वन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति,

२.सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग, आवश्यक पर्ने , तिव्र बौद्दिक अपांगता भएका व्यक्तिहरु,तिव्र रुपमा अटिज्म प्रभावितव्यक्ति,पूर्ण रुपमा श्रवण दृष्टिविहिन व्यक्तिहरु,

३.दुई वा सो भन्दा बढी प्रकृतिका शारीरिक ,मानसिक वा इन्द्रीय सम्वन्धि क्षति भई सबै जसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

४.निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारिरीक अपांगता भएका व्यक्ति वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरु,

**ख.अति अशक्त अपांगता :**

तल उल्लेखित अवस्थाका व्यक्तिलाई ख वर्गको परिचयपत्र उपलव्ध गराइनेछ ।

१.शारीरिक ,मानसिक वा इन्द्रीय सम्वन्धि क्षति वा विचलन भएता पनि निरन्तर वा अधिकांश समय सहयोगी,दोभाषे वा मानव पथ प्रदर्शक आदिकोसहयोगमा आफ्नो दैनिक क्रियाकलापमाहरुमा लगायत हिडडुल र संचार गर्न कठिनाइ हुने व्यक्तिहरु,

२०७५।१०।१४

प्रमुख प्रशासकीय अधिकृत

८.श्रवण यन्त्रको प्रयोगबाट वा ठूलो आवाज मात्र सुन्न सक्ने सुस्तश्रवण व्यक्तिहरु,

९.शल्यक्रियाबाट स्वरयन्त्र झिकि घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु,

१०.ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु,

११.बोल्दा अड्किने ,शब्द वा अक्षर दोहोर्याउने समस्या तीब्र भएका भकभके व्यक्तिहरु,

१२.तीन फिट भन्दा मुनिका होचापुड्का व्यक्तिहरु,

१३.चस्मा वा श्रवण यन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहिन व्यक्तिहरु,लेन्स वा म्याग्रीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,

१४.अनुवंशीय रक्तश्राव (हेमोफेलिया ) सम्वन्धि समस्या भई दैनिक हिडडुलमा कठिनाई हुने व्यक्तिहरु,

१५.मानसिक वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरु,

**घ.सामान्य अपांगता**

तल उल्लेखित अवस्थाका व्यक्तिलाई घ वर्गको परिचयपत्र उपलब्ध गराइनेछ ।

१.शारीरिक,मानसिक वा इन्द्रिय सम्वन्धि सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयं सम्पादन गर्न सक्ने ,

२.हात वा खुटा केहि छोटो भएका ,एक हातकोहत्केला भन्दा मुनि नचल्ने वा गुमाएका, एक हातको हत्केला भन्दा मुनिको कम्तीमा बूढी औंला गुमाएका वा दुवै हातकोहत्केला भन्दा मुनिका कम्तीमा बूढी औंला र चोरी औला भएका व्यक्तिहरु,

३.ठूलो अक्षर पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरु,

४.दुवै गोडाको सबै औलाका भागहरु नभएका व्यक्ति,

५.श्रवण यन्त्र लगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु,

२०७८।१०।१४

प्रमुख प्रशासकीय अधिकृत

२.मष्तिष्क पक्षघात,मेरुदण्डमा चोटपटक वा पक्षघात,हेमोफिलिया,मांशपेशी सम्वन्धि समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरीरको ढाड,हात,गोडा,कम्मर अदिले काम गर्न नसकि दैनिक आवागमणको लागी हविलचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

३.दुवै हात कुम देखि वा पाखुरा देखि मुनि पुरै नचल्ने गुमाएका,विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मर भन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशिल नभई बैशाखिको प्रयोग गर्ने व्यक्तिहरु,

४.दृष्टिविहिन र पूर्ण दृष्टिविहिनको परिभाषा अर्न्तरगत पर्ने व्यक्तिहरु,

५. संचारको लागीनिरन्तर दोभाषे आवश्यक पर्ने पूर्णरुपमा कान सुन्न नसक्ने (बहिरा),दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसकने, सिकाइमा समस्या भएका बौद्दिक अपांगता वा अटिज्म भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिइरहनुपर्ने बहुअपांगता भएका व्यक्तिहरु,

**ग.मध्यम अपांगता :**

तल उल्लेखित अवस्थाका व्यक्तिलाई ग वर्गको परिचयपत्र उपलव्ध गराइनेछ ।

१.कृतिम अंग,क्यालीपर,विषेश प्रकारका जुत्ता जस्ता सहायक सामग्रीको प्रयोगबाट सामान्य हिडडुल लगायत दैनिक जिवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने,

२.विभिन्न कारणले घुडामुनिको अंगमा मात्र प्रभाव परेको तर सहायक सामग्रीको प्रयोग नगरी पनि सामान्य हिडडुल गर्न सक्ने,

३.कुम वा पाखुरा भन्दा मुनि एक हात गुमाएका वा हात नचल्ने वा हातले काम गर्न नसक्ने,

४.दुवै हातको हत्केला भन्दा मुनिका कमतिमा बुढी औंला र चोरी औला गुमाएका,

५.दुवै गोडाको कुर्कुच्चा भन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,

६.मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,

७.सिकाईमा ढिलाई भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्दिक अपांगता र अटिजम भएका व्यक्तिहरु,

२०७४।१०।१४

प्रमुख प्रशासकीय अधिकृत

## समन्वय समिति सम्वन्धि व्यवस्था :

अपांग भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन,२०७४ को दफा ४२ अनुसार अपांगता परिचयपत्र वितरण गर्ने समेत कार्यका लागी नगरपालिकामा देहाय बमोजिमको स्थानीय समन्वय समिति रहनेछ ।

१.नगरपालिका उपप्रमुख संयोजक

२.नगरपालिकाको महिला सदस्य मध्येबाट नगरपालिकाले तोकेको महिला सदस्य सदस्य ·

३.नगरपालिका भित्रका माध्यामिकविधालयका प्रधानाध्यापक वा स्रोत व्यक्ति मध्येबाट नगरप्रमुखले तोकेको व्यक्ति सदस्य

४.नगर कार्यपालिकाको प्रमुखले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सक सदस्य

५.स्थानीय प्रहरी कार्यालयको प्रमुख सदस्य

६.अपांगता भएका व्यक्तिको हक हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ सस्थामध्येबाट नगर प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधि सदस्य

७.नगरपालिका भित्रका अपांगता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित ३ जना सदस्य

८.नेपाल सरकार र प्रदेश सरकारकास्थानीय स्तरमा रहेका सम्वन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख सदस्य

९.नगरउपप्रमुखले तोकेको नगरपालिकाको कर्मचारी सदस्य

२०७८।१०।१४

प्रमुख प्रशासकीय अधिकृत